# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, मंसीर ५ गते २०४३ साल (अतिरिक्ताङ्क ३३ (ख)

## भाग १

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट भारतको बंगलोरमा भएको दक्षिण एशियाली मुलुकहरूका राष्ट्राध्यक्ष एवम् सरकार प्रमुखहरूको दोस्रो सम्मेलनमा भाग लिइबक्सी स्वदेश फिरिबक्संदा २०४३ साल मंसीर ५ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. मित्रराष्ट्र भारतको बंगलोरमा आयोजित दक्षिण एशियाका सात राष्ट्रहरूको दोस्रो शिखर सम्मेलनमा भाग लिई हाम्रा बडामहारानीकासाथ स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ ।

२. बंगलोरमा आयोजित दोस्रो शिखर सम्मेलनले शान्तिको माध्यमका रूपमा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनप्रति हाम्रो आस्थालाई नवीकरण गरेको मात्र नभई यस भेगका मुलुकहरूका बीच समझदारी र सहयोगको आवश्यकतालाई अझ स्पष्ट पारेको छ । यस शिखर सम्मेलनले एकातिर गत वर्षमा भएका प्रगतिहरूको मूल्यांकन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्‍यो भने अर्कोतिर हाम्रा देशहरूका जनताका भलाइका लागि सहयोगका क्षेत्र विस्तार गर्ने निर्णय पनि गरेको छ। यो शिखर सम्मेलनमा अन्य कुराहरूका साथै दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको एक स्थायी सचिवालयको स्थापनासम्बन्धी स्मृतिपत्रमा पनि हस्ताक्षर भएको छ जस अनुसार यो सचिवालय काठमाडौंमा रहने भएको छ।

३. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कको तेस्रो शिखर सम्मेलन काठमाडौंमा गर्ने नेपालको प्रस्तावलाई पनि यस सम्मेलनले पारित गरेको छ। यसरी हामी माथि एक नौलो जिम्मेदारी थपिन गएको छ भने सधैं झैं हामीहरू सम्पूर्ण देशवासीहरूको सहयोग र समर्थनबाट यो उत्तरदायित्व सफलतापूर्वक वहन गर्न सक्नेछौं भन्ने कुरामा पनि विश्वस्त छौं।

४. विगतका सम्मेलनहरूमा झैं यस सम्मेलनमा पनि दक्षिण एशियाली क्षेत्रका नेताहरूसँग भएको भेटघाटमा हाम्रो सम्पर्क नवीकरण गर्नुका साथै आपसी हितका विषयहरूमा पनि मैत्रीपूर्ण विचारहरूको आदान-प्रदान गर्ने सुअवसर हामीलाई प्राप्त भयो।

५. बंगलोरमा रहँदा हामीले तिरूमाला गई भगवान श्री तिरूपतिको दर्शन गर्‍यौं ; हाम्रो भ्रमणका निमित्त गरिएका सुव्यवस्थाका लागि हामी पुनः महामहिम प्रधानमन्त्री श्री राजीव गान्धी तथा भारत सरकार एवम् जनताप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

६. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सम्हाल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं। त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्रसेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं। अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको बृहत् हितलाई हृदयंगम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

८८२



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।